निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय

# DISTRICT ELECTION OFFICE

**नवलपरासी (ब. सु. प.)**

पत्र संख्या:- ०७९/०८०

चलानी नम्बर:- 938

मिति २०७९/११/२१

विषय - मतदाता नामावली पठाइएको सम्बन्धमा ।

श्री रामग्राम नगरपालिका,श्री बर्दघाट नगरपालिका, श्री सुनवल नगरपालिका

श्री सुस्ता गाउपालिका, श्री प्रतापुर गाउपालिका

श्री सरावल गाउपालिका,श्री पाल्हिनन्दन गाउपालिका

नवलपरासी ब सु प

प्रस्तुत विषयमा मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम २०७९ सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यतालिका र तहाँ पालिका अन्तर्गतको मतदाता नामावली सम्बन्धी विवरण यसै पत्र साथ संलग्न राखी पठाइएको छ तहाँका वडास्तरमा मतदाता नामावली प्रकाशन गरिदिनुहुनका साथै संलग्न कार्यतालिका तहाँको सूचना पाटीमा टासँ गरिदिनुहुन अनुरोध छ ।

............

प्रेम चन्द्र पौडेल

नि.जि.नि.अ.

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव"

" Free and Fair Election: Pride of Nation"

नवलपरासी (ब.सु.प) फोन नं. ०७८-५२०२८५, email : deo.nawalparasiwest@election.gov.np

निर्वाचन आयोग

## मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७९

कार्यक्रम कार्यान्वयन कार्यतालिका

| क.सं. | मिति | | क्रियाकलाप |
|---|---|---|---|
| | देखि | सम्म | |
| १ | २०७९-११-०१ | २०७९-११-०१ | आयोगबाट स्वीकृत कार्यक्रम निर्वाचन कार्यालय पठाउने |
| २ | २०७९-११-०१ | २०७९-११-०१ | प्रमुख नाम दर्ता अधिकारी तोक्ने |
| ३ | २०७९-११-०१ | २०७९-११-०४ | जिल्लास्तरमा डाटा रुजु गर्ने |
| ४ | २०७९-११-०४ | २०७९-११-०६ | निर्वाचन कार्यालयहरुबाट डाटा प्राप्त गर्ने |
| ५ | २०७९-११-०६ | २०७९-११-१५ | डाटा एकीकरण गर्ने, प्राप्त डाटाको आधारमा जिल्लागत मतदाता नामावलीको Pdf तयार गर्ने |
| ६ | २०७९-११-१६ | २०७९-११-१६ | मतदाता नामावलीको pdf र data निर्वाचन कार्यालय पठाउने |
| ७ | २०७९-११-१७ | २०७९-११-१७ | जिल्लास्तरमा अन्तक्रिया कार्यक्रम संचालन (एक दिने) |
| ८ | २०७९-११-१६ | २०७९-११-१९ | निर्वाचन कार्यालयले मतदाता नामावली र अनुसूची फारम छपाई गर्ने |
| ९ | २०७९-११-१७ | २०७९-११-२२ | वडास्तरमा मतदाता नामावली प्रकाशन गर्न पठाउने र प्रकाशन गर्ने |
| १० | २०७९-११-२३ | २०७९-११-३० | प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा अनुसूची २ बमोजिमको कार्यक्रम संचालन गर्ने |
| ११ | २०७९-१२-०१ | २०७९-१२-०४ | अद्यावधिक सम्बन्धी कार्य सम्पन्न गरी आयोगमा पठाउने |
| १२ | २०७९-१२-०४ | २०७९-१२-१० | आयोगको केन्द्रीय सर्भरमा विवरण एकीकृत गर्ने, दोहोरो नाम हटाउने |
| १३ | २०७९-१२-११ | २०७९-१२-१६ | आयोगबाट अन्तिम मतदाता नामावली स्वीकृत गर्ने, वेवसाइटमा प्रकाशन गर्ने, pdf तयार गर्ने |

अनुसूची २

निर्वाचन आयोग, नेपाल

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय ........

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

**मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७९ देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।**

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७९/११/२२ | २०७९/११/२२ | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | सम्बन्धित वडा कार्यालय र प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| २ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धीत मतदाता वा निजको परिवारको सदस्य |
| ३ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि व्यक्ति |
| ४ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तह वा फरक फरक स्थानीय तह वा एकै जिल्ला भित्रको भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने) | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै व्यक्ति |
| ६ | बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | २०७९/११/२३ | २०७९/११/२६ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय |
| ७ | क्र.सं. ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७९/११/२३ | २०७९/११/२७ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क्र.सं. ५ बमोजिम प्राप्त सूचना र क्र.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । | २०७९/११/२३ | २०७९/११/२७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| ९ | सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाई सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउने । | २०७९/११/२६ | २०७९/११/२७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| १० | क्र.सं. ३ बमोजिम परेको उजुरी र क्र.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राखे सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारीले निर्णय गर्ने । | २०७९/११/२७ | २०७९/११/२८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| ११ | क्रसं. २ बमोजिम परेका निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने | २०७९/११/२८ | २०७९/११/२८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| १२ | क्र.सं. ११ बमोजिम त्रुटि सच्याइएको र क्र.स. ४, ८, ९ र १० बमोजिम नाम हटाइएको सूचना निर्वाचन कार्यालयमा प्रकाशन गर्ने | २०७९/११/२९ | २०७९/११/२९ | मतदाता नामावली ऐन, २०७३ को दफा १८(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १३ | क्र.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०७९/११/३० | २०७९/१२/०१ | मतदाता नामावली ऐन, २०७३ को दफा १७(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय
नवलपरासी (ब.सु.प.)
स्था: २०५६